# नौ

# पत्रकारिताको विकासमा संस्थागत प्रयास

मोरङमा पत्रकारिताको विकास र सम्वर्द्धनका लागि पत्रकारहरूलाई सहयोग, उत्प्रेरित र सम्मान गर्ने उद्देश्यले विभिन्न किसिमका संस्थागत प्रयासहरू पनि भएका छन् । यस्ता प्रयासहरूमा विभिन्न पेशागत संस्थाहरूको गठन, पुरस्कारहरूको स्थापना र पत्रकारितासम्बन्धी शिक्षण एवं तालिम दिने प्रतिष्ठान र शिक्षण संस्थाको स्थापना आदि छन् ।

## पत्रकारितासँग सम्बन्धित संस्थाहरू

मोरङमा पत्रकारिताको थालनी भएको करिब १५ वर्षपछि मात्र पत्रकारहरूले सङ्गठित प्रयास थालेको देखिन्छ । वास्तवमा पत्रपत्रिकाको सङ्ख्या बढ्दै गएर पत्रकारहरूको सङ्ख्यामा वृद्धि हुँदै गएपछि पत्रकारहरूले झेल्नु परेका र आइपर्ने समस्याका बारेमा आपसमा छलफल गरी समाधान गर्ने, प्रशासनबाट हुने दबाबलाई सङ्गठित भएर प्रतिकार गर्ने र पत्रकारहरूको हकहितको प्रवर्द्धन गर्ने हेतुले नै पत्रकारितासँग सम्बन्धित सङ्घसंस्थाको स्थापना भएको हो । तर पत्रकारहरू पदमुखी भएका र आपसी विवाद अल्झिएकोले यी सङ्घसंस्थाहरू त्यत्ति प्रभावकारी हुन सकेका छैनन् । त्यस्ता संस्थाहरूबारे तल सामान्य चर्चा गरिएको छ ।

### विराटनगर प्रेस क्लब

विराटनगरमा कार्यरत पत्रकारहरूको २०२७ चैत ३ गते बसेको एक बैठकको निर्णयानुसार 'विराटनगर प्रेस क्लब' सोही साल चैत १२ गते कोशी अञ्चलाधीश कार्यालय, विराटनगरमा दर्ता भै विधिवत जन्मेको विराटनगरका पत्रकारहरूकै पहिलो संस्था हो । यो संस्था पूर्वाञ्चलमै पत्रकारहरूको पहिलो

संस्था भएको दावी क्लबको रहेको छ । विराटनगर प्रेस क्लब स्थापना हुनमा एक कारक तत्व रहेको छ । काठमाडौंबाट प्रकाशित हुने *मातृभूमि* साप्ताहिकका संवाददाता डम्बरबहादुर थापालाई सुनसरी जिल्ला प्रशासनविरुद्ध समाचार प्रेषित गरेको अभियोगमा २०२७ साल पुसमा शान्ति सुरक्षा ऐन अन्तर्गत् पक्राउ गरिएपछि स्थानीय पत्रकारहरूले तत्कालीन अञ्चलाधीशलाई भेटी "सो कार्य मौलिक अधिकारको उल्लङ्घन र स्वतन्त्र पत्रकारिताको निमित्त अवरोध" भएको भनी उहाँको रिहाईको माग गर्दा अन्य पत्रकारविरुद्ध समेत कार्यवाही गर्ने चेतावनी दिइयो । सो घटनाले पत्रकारहरूलाई आपसी एकता र सङ्गठनको आवश्यकता महसुस गरायो । अञ्चलाधीशको पुनर्गठनमा तत्कालीन अञ्चलाधीश पुनः नियुक्त नभएपछि नयाँ आएका अञ्चलाधीशले पत्रकारहरूको आग्रहमा पत्रकार डम्बरबहादुर थापालाई २०२७ फागुन ३० गते रिहा गरिदिए ।

विराटनगर प्रेस क्लबले आफ्नो विधानमा उद्देश्यका रूपमा सातवटा बुँदालाई अघि सारेको थियो:

क) राजमुकुट र संविधानप्रति वफादार रहने,
ख) नेपाली पत्रकारिताको समुचित विकासमा योगदान दिने,
ग) पत्रकारिताको संस्थागत विकासमा मद्दत गर्ने,
घ) पेशागत मर्यादा र आदर्शको पालना गर्ने,
ङ) पत्रकारहरूबीच भातृत्व एवं सद्भावनाको वृद्धि गराउने,
च) पत्रकारहरूको वौद्धिक विकासको लागि प्रशिक्षण र तालिमको व्यवस्था गर्ने, र
छ) स्वस्थ मनोरञ्जन र सामाजिक कार्यहरूमा संलग्न रहने ।

यसका संस्थापक सदस्यहरूमा स्व. विपिनदेव ढुङ्गेल, कोशराज रेग्मी, स्व. नारदप्रसाद ओभ्फा, स्व. कुमारबहादुर श्रेष्ठ, भीम उदास, जीवेश्वर लाखे, डम्बरबहादुर थापा, लेखनाथ निराला, विपुलेन्द्र चक्रवर्ती, स्व. श्यामसुन्दर श्रेष्ठ र रमेश भट्टराई पाखे थिए । यसको वर्तमान कार्यसमितिको अध्यक्ष जीवेश्वर लाखे, उपाध्यक्ष सुरेन्द्रकुमार अर्याल, सचिव जयप्रसाद दाहाल, कोषाध्यक्ष ऋषिराम अर्जेल तथा सदस्यहरूमा ध्रुवप्रसाद अर्जेल, पुष्पराज गड्तौला, ऋतुवर्ण पराजुली, शिवबहादुर कार्की, रामरिभ्फन यादव र इश्वरगोविन्द श्रेष्ठ छन् । यो कार्यसमितिको गठन भएको पनि नौ वर्ष नाघिसकेको छ । जीवेश्वर लाखे करिब २० वर्षदेखि यस क्लबको अध्यक्ष छन् । क्लबले विभिन्न समयमा विभिन्न राष्ट्रका राजदूतहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गर्दै आएको छ । यसले आफ्नो रजत जयन्तीको अवसरमा एक स्मारिका पनि प्रकाशित गरेको छ ।

## पत्रकार कल्याण कोष

पत्रकारहरूको हित संरक्षणका लागि मोरङ जिल्लामा विभिन्न सङ्घसंस्थाहरू भए पनि तिनीहरूको कार्यक्षेत्रले सबै कुरालाई समेट्न नसकेकाले पत्रकारहरूको कल्याण, सहयोग र सम्मानका लागि एउटा छुट्टै संस्थाको आवश्यकता महसुस

गरेर २०४२ फागुन महिनामा 'पत्रकार कल्याण कोष'को स्थापना गरिएको हो । मोरङमा कार्यरत पत्रकारहरू कुमारबहादुर श्रेष्ठ, प्रह्लादप्रसाद साह, प्रमोद प्रधान, हेमराज रेग्मी, केशवबहादुर कार्की र कृष्णप्रसाद घिमिरेले जनही रु. ५००।- प्रदान गरी स्थापना गरेको यो संस्थाको विधानमा तीनवटा उद्देश्य राखिएको छः

क) कुनै पत्रकारलाई कडा रोग लागी वा दुर्घटनामा परी औषधोपचार गर्नुपर्ने भएमा सहयोग पुऱ्याउने,

ख) न्यूनतम पाँच वर्षसम्म नियमित रूपमा स्वस्थ र स्वच्छ रचनात्मक पत्रकारिता गरी पत्रकारिताको विकासमा महत्त्वपूर्ण योगदान गर्ने पत्रिका वा पत्रकारलाई पुरस्कृत गर्ने, र

ग) पत्रकारहरूको हक र हितसँग सम्बन्धित अन्य कार्यहरू गर्ने (प्रधान २०४७: ३) ।

यस संस्थाले २०४३ सालदेखि 'सिर्जनशील पत्रकारिता पुरस्कार' र २०५१ देखि 'उदीयमान पत्रकारिता पुरस्कार' प्रदान गर्दै आएको छ । साथै कडा रोग लागेका वा दुर्घटनामा परेका पत्रकारलाई आर्थिक सहयोग प्रदान गर्ने कार्यका साथै पत्रकारितासम्बन्धी पुस्तकको प्रकाशन पनि कोषबाट भएको छ । मोरङ जिल्लाका वरिष्ठ पत्रकार स्व. नारदप्रसाद ओझाद्वारा लिखित पुस्तक *पत्रकारिता मेरो यात्रा* कोषले २०४८ फागुनमा प्रकाशित गरेको छ ।

यस संस्थाको संस्थापक अध्यक्ष कुमारबहादुर श्रेष्ठ र संस्थापक सचिव प्रमोद प्रधान थिए । अहिले संस्थाको एक संरक्षक सदस्य, एक संस्थागत सदस्य र आजीवन सदस्य सङ्ख्या ७६ पुगेको छ भने अक्षयकोषमा रु. तीन लाखभन्दा बढी रकम रहेको छ । यस कोषको संरक्षण र विकासमा कुमारबहादुर श्रेष्ठ, प्रमोद प्रधान, प्रह्लादप्रसाद साह, ठाकुरदेव ढुङ्गेल, मोहन भण्डारी, यज्ञप्रसाद शर्मा लगायतका पत्रकारहरूको महत्त्वपूर्ण योगदान रहेको छ । कोषको वर्तमान कार्यसमितिको अध्यक्ष प्रह्लादप्रसाद साह, उपाध्यक्ष केशवबहादुर कार्की, सचिव ठाकुरदेव ढुङ्गेल र कोषाध्यक्ष मोहन भण्डारी तथा सदस्यहरू यज्ञ शर्मा, मूलचन्द तापडिया, श्यामकुमार अधिकारी र ऋषिराम अर्जेल रहेका छन् । अहिले यो संस्थामा नियमित रूपमा साधारण सभा हुन सकेको छैन ।

**नेपाल सम्पादक सङ्घ**

स्थानीय पत्रिकाको हितका लागि पत्रकारितासँग सम्बद्ध अन्य सङ्घसंस्थाहरूले काम गर्न नसकेको भनी स्थानीय पत्रपत्रिकाका सम्पादकहरूले २०४८ सालमा नेपाल सम्पादक सङ्घको स्थापना गरेका हुन् । यसको पहिलो सभापति *धरणी* साप्ताहिकका तत्कालीन सम्पादक ऋषिराम अर्जेल थिए । त्यसपछि २०५१ देखि २०५२ को साउनसम्म *नयाँ प्रतिबिम्ब* दैनिकका सम्पादक प्रकाशक

भूपाल थापा यसको सभापति रहे । २०५२ साउन २१ गतेदेखि यसको सभापतिमा *मोरङ* साप्ताहिकका सम्पादक तेजेन्द्रबहादुर भण्डारी रहेका छन् । यस संस्थाको विधिवत दर्ता भने २०५२ कात्तिक १ गते जिल्ला प्रशासन कार्यालय, मोरङमा भएको देखिन्छ । यस संस्थाको उपसभापति गणेशबहादुर खड्का (सम्पादक, *दिव्यदृष्टि* पाक्षिक, उर्लाबारी), महासचिव खुशीराज गौतम (सम्पादक-प्रकाशक, *निडर* साप्ताहिक) र कोषाध्यक्ष किरणकुमार पोखरेल (सम्पादक-प्रकाशक, *साप्ताहिक आवाज*) तथा सदस्यहरू कविन्द्रबहादुर के.सी. (सम्पादक-प्रकाशक, *युगसृष्टि* साप्ताहिक, इटहरी), विमल शाक्य (सम्पादक-प्रकाशक, *सयपत्री* साप्ताहिक, धरान), किशोरकुमार कार्की (सम्पादक-प्रकाशक, *ब्लास्ट* दैनिक, धरान) र पार्वती श्रेष्ठ (सम्पादक-प्रकाशक, *कोसेली* दैनिक) रहेका छन् ।

## नेपाल सम्पादक-प्रकाशक सङ्घ

मोरङबाट प्रकाशित पत्रपत्रिकाका सम्पादक एवं प्रकाशकहरूको भेलाद्वारा गठन नेपाल सम्पादक-प्रकाशक सङ्घ २०५७ चैत १३ गते जिल्ला प्रशासन कार्यालय, मोरङमा दर्ता भएको हो । स्थानीय पत्रपत्रिकाको स्तर वृद्धि एवं हकहितको सुरक्षाका लागि प्रतिबद्ध रहने अठोटका साथ स्थापित यो सङ्घको मुख्य उद्देश्य मोफसलबाट प्रकाशित हुने पत्रिकाको उत्थानका लागि कार्य गर्नु हो भनिएको छ । सङ्घको प्रत्येक दुई वर्षमा अधिवेशन हुने र कार्यसमितिको निर्वाचन हुने व्यवस्था गरिएको छ ।

यसको संस्थापक सभापति *दिग्दर्शन* साप्ताहिकका सम्पादक शिवबहादुर कार्कीले नेपाल पत्रकार महासङ्घ, मोरङशाखाको सभापतिमा विजयी भएपछि राजीनामा दिएका थिए । उनको राजीनामापछि २०५८ फागुनमा सङ्घको पुनर्गठन गरियो । त्यसपछि पुनः समय नपुग्दै २०५९ चैतमा पनि कार्य समिति पुनर्गठन गरिएको छ । पुनर्गठित कार्यसमितिको सभापति केशवबहादुर कार्की (*जनआवाज* साप्ताहिक), उपसभापति पार्वती श्रेष्ठ (*कोसेली* दैनिक), सचिव उत्तमराज कोइराला (*कोसेली* साप्ताहिक), सहसचिव कुमार अधिकारी (*श्रीजनमत* साप्ताहिक) र कोषाध्यक्ष नरेन्द्रप्रसाद दाहाल (*दृष्टान्त* साप्ताहिक) तथा सदस्यहरू पुष्पराज गडतौला (*पुष्पाञ्जली* साप्ताहिक), तुलसी सुवेदी (*दिव्यदृष्टि* पाक्षिक), प्रमोद सुवेदी (*मुचुल्का* पाक्षिक), नरेन्द्र राई (*मोफसल* साप्ताहिक), जगन्नाथ भट्टराई (*पूर्वज्योति* साप्ताहिक) र राजेशकुमार भगत (*आभूषण* साप्ताहिक) रहेका छन् ।

## मिडिया क्लब

क्षेत्रीय सञ्चार स्रोत केन्द्र, विराटनगरबाट पत्रकारिताको प्रशिक्षण लिएर पत्रकारितामा संलग्न पत्रकारहरूले २०५४ सालमा मिडिया क्लबको स्थापना गरेका हुन् । यसको संस्थापक अध्यक्ष धर्मराज ढकाल थिए भने अहिले यसको

अध्यक्ष शंकरमान थापा हुन् । क्लबले समय-समयमा विभिन्न विषयमा सम्बन्धित विज्ञहरूलाई बोलाएर अन्तरक्रिया गर्ने गरेको छ । कतिपय विषयमा सर्वेक्षण गरेर त्यसको निष्कर्षलाई समाचारको रूपमा प्रयोग गर्ने कार्य पनि हुन्छ । विशेषतः समसामयिक विषयहरूमा आयोजना हुने यस्ता कार्यले पत्रपत्रिकालाई समाचार सामग्री जुटाउन सहयोग पुग्ने गरेको छ ।

### अन्य संस्थाहरू

मोरङ जिल्लामा माथि उल्लिखित बाहेक थुप्रै सङ्घसंस्था कार्यरत छन् । नेपाल पत्रकार महासङ्घ, नेपाल पत्रकार सङ्घ, नेपाल प्रेस युनियन, प्रेस चौतारी, नेपाल स्वतन्त्र पत्रकार समाज, नेपाल श्रमजीवी पत्रकार सङ्घ, रिपोटर्स क्लब आदि राष्ट्रिय स्तरका सङ्घसंस्थाका शाखाहरू मोरङमा छन् । तिनले आ-आफ्ना ठाउँमा रहेर विभिन्न कार्यक्रम गर्दै आएका छन् । तर यहाँ मोरङमै सर्वप्रथम स्थापना भएका सङ्घसंस्थाहरूबारे मात्र प्रकाश पारिएको छ । यसबाहेक मोरङको उर्लाबारी र पथरीमा कार्यरत पत्रकारहरूले आफूलाई सङ्गठित गरेको देखिन्छ ।

## पत्रकारिता पुरस्कारहरू

पत्रकारिता क्षेत्रको विकासका लागि पत्रकारहरूलाई पुरस्कृत र सम्मान गर्ने परम्परा पनि आवश्यक छ । मोरङमा यस्तो परिपाटीको सुरुवात पत्रकारहरू स्वयंले प्रारम्भ गरेको देखिन्छ । तर पुरस्कार र सम्मान भन्ने कुरालाई सही ढङ्गले अगाडि बढाउन सकिएन भने त्यसले नकारात्मक असर पर्ने तथ्य पनि निर्विवाद छ । मोरङ जिल्लामा कार्यरत पत्रकारका साथै पूर्वाञ्चल र राष्ट्रिय स्तरमै योगदान गर्ने पत्रकारहरूलाई पुरस्कृत गर्नका लागि विभिन्न पुरस्कार स्थापना भएका छन् । तीमध्ये केहीले नियमित रूपमा र केहीले बीचमा कहिलेकाहीँ स्थगित गरे पनि पुरस्कार प्रदान गर्दै आएका छन् । ती पुरस्कारहरूबारे तल सङ्क्षेपमा चर्चा गरिएको छ ।

### सिर्जनशील पत्रकारिता पुरस्कार

२०४२ सालमा स्थापित पत्रकार कल्याण कोष, मोरङद्वारा स्थापित मोरङकै पत्रकारिताको पहिलो पुरस्कार सिर्जनशील पत्रकारिता पुरस्कार हो । मोरङलाई कार्यक्षेत्र बनाई न्यूनतम पाँच वर्षसम्म नियमित रूपमा स्वस्थ र स्वच्छ रचनात्मक पत्रकारिता गरी पत्रकारिताको विकासमा महत्त्वपूर्ण योगदान गर्ने पत्रिका वा पत्रकारलाई पुरस्कृत गर्ने गरिएको छ । पुरस्कारअन्तर्गत सम्मानपत्रका साथ नगद पनि दिइन्छ । प्रारम्भमा रु. १,५०५।- नगद पुरस्कार रहेकोमा २०४५ देखि २०४८ सम्म रु. ५,००१।- र २०४९ देखि २०५१ सालसम्म रु. ११,१११।- नगद पुरस्कार प्रदान गरिएको थियो । २०५३ देखि यो पुरस्कारको

रकममा वृद्धि गरी रु. २१,१११।- पुऱ्याइएको छ । २०४३ देखि २०५१ सालसम्म प्रत्येक वर्ष दिइँदै आएको यो पुरस्कार त्यसपछि प्रत्येक दुई वर्षमा दिने व्यवस्था गरिएको छ । तर २०५७ सालमा कारणवश यो पुरस्कार वितरण हुन सकेन । यो पुरस्कारबाट सम्मानित हुने पत्रकारहरूको सूची यस्तो छः

२०४३ विपिनदेव ढुङ्गेल, सम्पादक, *हिमालचुली* साप्ताहिक
२०४४ नारदप्रसाद ओझा, पत्रकार, *कोसेली* लगायत विभिन्न पत्रिका
२०४५ कोशराज रेग्मी, सम्पादक, *जनवार्ता* दैनिक
२०४६ खिलध्वज थापा, समाचारदाता, रासस, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर
२०४७ डम्बरबहादुर थापा, प्रतिनिधि, *जन्मभूमि* साप्ताहिक
२०४८ सुवास ढकाल, प्रतिनिधि, *देशान्तर* साप्ताहिक
२०४९ प्रमोद प्रधान, क्षेत्रीय प्रमुख, रासस, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर
२०५० कृष्णप्रसाद घिमिरे, सम्पादक, *पर्वत* साप्ताहिक
२०५१ इन्द्र काफ्ले, सम्वाददाता, *कान्तिपुर* दैनिक
२०५३ कुमारबहादुर श्रेष्ठ, सम्पादक, *कोसेली* दैनिक
२०५५ केशवबहादुर कार्की, सम्पादक, *जनआवाज* साप्ताहिक
२०५८ हेमराज रेग्मी, समाचारदाता, रासस, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर
२०६० उत्तमराज कोइराला, सम्पादक, *बिहान* साप्ताहिक, विराटनगर

## खिलेश्वरी पत्रकारिता पुरस्कार

पूर्वाञ्चलका ज्येष्ठ पत्रकार कोशराज रेग्मीले आफ्ना स्वर्गीय माता खिलेश्वरीदेवी रेग्मीको स्मृतिमा २०४५ सालमा स्थापना गरेको खिलेश्वरी पत्रकारिता पुरस्कार सोही वर्षदेखि वितरण हुन थालेको हो । पूर्वाञ्चलका पत्रकारहरूलाई प्रत्येक वर्ष प्रदान गर्ने गरी स्थापित यो पुरस्कार २०४९ सालपछि प्रत्येक दुई वर्षमा दिन थालिएको छ । स्थापनाकालमा रु. १,१११।- नगदसहित सम्मानपत्र दिने गरिएको यो पुरस्कारको रकम २०५१ र २०५३ मा रु. २,२२२।- पुऱ्याइएकोमा त्यसपछि पुनः वृद्धि गरी रु. ५,००१।- पुऱ्याइएको छ । यो पुरस्कारका लागि पीताम्वर-खिलेश्वरी प्रतिष्ठानको स्थापना गरी अक्षयकोषमा रु. ६०,०००।- राखिएको छ । यो पुरस्कार प्राप्त गर्ने व्यक्तिहरू यसप्रकार छन्ः

२०४५ तारा बराल (भद्रपुर, झापा), साप्ताहिक *विचार*,- मोफसलमा निजी क्षेत्रबाट सक्रियपूर्वक पत्रकारिता गरेबापत
२०४६ ठाकुरदेव ढुंगेल (विराटनगर, मोरङ), *हिमालचुली* साप्ताहिक, *हिमालचुली*लाई निरन्तरता दिएबापत

२०४७ रमेश नेपाली (धरान, सुनसरी), *संसार* साप्ताहिक, मोफसलमा निजी क्षेत्रबाट पत्रकारिता गरी जनचेतना जगाएबापत

२०४८ शिशुप्रसाद देवकोटा (राजविराज, सुनसरी), *पूर्वप्रभात* साप्ताहिक, सगरमाथा अञ्चलमा पत्रकारिताको प्रारम्भ र विकास गरेबापत

२०४९ प्रमोद प्रधान (विराटनगर, मोरङ), राष्ट्रिय समाचार समिति, बौद्धिक प्रखरताका साथ श्रमजीवी पत्रकारका रूपमा कार्य गरेबापत

२०५१ चन्द्रमणि अधिकारी (धरान, सुनसरी), *आरसी* साप्ताहिक, मोफसलमा प्रभावकारी रूपमा पत्रिका सञ्चालन गरेबापत

२०५३ कुमारबहादुर श्रेष्ठ (विराटनगर, मोरङ), *कोसेली,* युवालाई प्रेरणा दिँदै दैनिक अखबारको निरन्तर सञ्चालन गरेबापत

२०५५ अनिलकुमार अनल (राजविराज, सप्तरी), *नवीन* साप्ताहिक, पत्रकारितामा लगनशीलतापूर्वक लागेबापत

२०५७ हर्ष सुब्बा (धरान, सुनसरी), *कान्तिपुर,* खोजपूर्ण समाचारहरू सङ्कलन गरी प्रकाशित गरेबापत

२०५९ मदन ढकाल (विर्तामोड, झापा), *विवेचना,* मोफसलमा बसेर जीवन पत्रकारिता क्षेत्रमा समर्पित गरेबापत ।

## हरिसिंह दुगड पत्रकारिता पुरस्कार

विराटनगरका युवा उद्योगपति मोती दुगड र उनका दाजुभाइहरूले पिता स्व. हरिसिंह दुगडको स्मृतिमा हरिसिंह दुगड च्यारिटेबल ट्रष्टको स्थापना सँगसँगै पत्रकारिता पुरस्कारको घोषणा गरेका हुन् । रु.११,१११।- नगद र प्रमाण-पत्रसहितको यो पुरस्कारअन्तर्गत सम्मानित व्यक्तित्वलाई दोसल्ला पनि ओढाइन्छ । तर दुई वर्ष निरन्तर वितरण गरिएपछि यो पुरस्कारको घोषणा नहुनुले बन्द भएको हो कि भन्ने आशङ्का जन्मिएको छ । यो पुरस्कार प्राप्त गर्ने व्यक्तिहरू यसप्रकार छन्:

२०५२ प्रमोद प्रधान, क्षेत्रीय प्रमुख, राष्ट्रिय समाचार समिति, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर

२०५३ कोशराज रेग्मी, सम्पादक, *जनवार्ता* दैनिक

## उदीयमान पत्रकारिता पुरस्कार

मोरङलाई कार्यक्षेत्र बनाई पत्रकारिता गर्ने युवा पत्रकारलाई प्रोत्साहन गर्ने उद्देश्यले पत्रकार कल्याण कोष, मोरङद्वारा २०५१ सालमा स्थापना गरिएको "उदीयमान पत्रकारिता पुरस्कार" प्रत्येक वर्ष प्रदान गरिन्छ । यस पुरस्कारको राशी रु.३,००१।- रहेको छ । यो पुरस्कार प्राप्त गर्ने युवा पत्रकार निम्न छन्:

२०५१ यज्ञ शर्मा, संवाददाता, *दृष्टि* साप्ताहिक

२०५२ कारणवश स्थगित

२०५३ अनन्तराज न्यौपाने, संवाददाता, *हिमालय टाइम्स* दैनिक
२०५४ मधुसूदन ज्ञवाली, संवाददाता, *समकालीन* साप्ताहिक
२०५५ शंकर खरेल, संवाददाता, *कान्तिपुर* दैनिक
२०५६ शरदराज सुवेदी, संवाददाता, *गोरखापत्र* दैनिक
२०५७ कारणवश स्थगित
२०५८ दुर्गाप्रसाद भट्टराई, सम्पादक, *फेवा* पाक्षिक
२०६० विनोद भण्डारी, संवाददाता, *कान्तिपुर* दैनिक

**कुंमरलाल नागोदेवी पत्रकारिता पुरस्कार**

गोपाल सेवा समितिद्वारा वितरण गर्ने गरी २०५५ सालमा सो समितिका अध्यक्ष महेश्वर यादवले आफ्ना पिता कुमरलाल यादव र माता नागोदेवी यादवको स्मृतिमा यो पुरस्कार स्थापना गरेका हुन् । यो पुरस्कारको रकम रु. १,१११।- रहेको छ । यो पुरस्कारको बारेमा धेरै कुरा स्पष्ट छैन र पुरस्कारका लागि अक्षयकोषको पनि व्यवस्था छैन । अहिलेसम्म यो पुरस्कार तीनपटक वितरण गरिएको छ, तर २०५८ सालदेखि भने कसैलाई दिइएको छैन । यो पुरस्कार स्थगित गरिएको हो वा बन्द नै भएको हो, त्यो पनि स्पष्ट छैन । पुरस्कार अहिलेसम्म प्राप्त गर्नेको नाम यसप्रकार छः
२०५५ मुरलीप्रसाद यादव, राजविराज, सप्तरी
२०५६ टंक खनाल, मोरङ
२०५७ ब्रह्मदेव यादव, मोरङ

**जानकी-चन्द्रप्रभा पत्रकारिता पुरस्कार**

पं. जानकीबल्लभ दाहालद्वारा स्थापित पं. जानकीबल्लभ दाहाल सेवा प्रतिष्ठानले प्रत्येक वर्ष पत्रकारिता र साहित्यको क्षेत्रमा योगदान गर्ने एक-एक जनालाई पुरस्कृत गर्दै आएको छ र सोही पुरस्कारको नाम जानकी चन्द्रप्रभा पत्रकारिता पुरस्कार हो । रु. ११,१११।- नगद र प्रमाणपत्रसहितको यो पुरस्कार २०५७ सालदेखि वितरण हुँदै आएको छ । यो पुरस्कार प्राप्त गर्ने पत्रकारहरू निम्न हुन्ः
२०५७ सुवास ढकाल, कार्यकारी सम्पादक, *साप्ताहिक*
२०५८ पुरुषोत्तम दाहाल, सम्पादक, *राजधानी* एवं संस्थापक सञ्चालक, *घटना र विचार,* रेडियो कार्यक्रम
२०५९ तारानाथ दाहाल, सम्पादक, *साप्ताहिक विमर्श*

**ग्रामीण पत्रकारिता पुरस्कार**

धर्मानन्द सिटौला ग्रामीण विकास बैंक पुरस्कार गुठी, मोरङद्वारा ग्रामीण क्षेत्रका बारेमा समाचार सम्प्रेषण गरी योगदान पुऱ्याउने अधिराज्यका एकजना पत्रकारलाई

प्रत्येक वर्ष पुरस्कृत गर्नेगरी २०५७ सालमा ग्रामीण पत्रकारिता पुरस्कारको स्थापना भएको हो । यो पुरस्कारको राशी पहिलोपटक रु. २५,०००।- भएकोमा दोस्रोपटक वृद्धि गरी रु. ५०,०००।- यो पुरस्कार हालसम्म दुई जनाले प्राप्त गरेका छन्:

२०५७ माधव नेपाल (बुटवल), संवाददाता, *नेपाल समाचारपत्र*

२०५८ याम प्रधान (सुनसरी), संवाददाता, *रासस* र *स्पेसटाइम*

पुरस्कार संस्थापक र पुरस्कार सञ्चालकबीच बैंकमा रहेको रकममा दिइने ब्याजबारे विवाद भएपछि २०५९ सालदेखि यो पुरस्कार बन्द भएको छ ।

### पूर्वाञ्चल भ्रष्टाचारविरोधी पत्रकारिता-सम्मान पुरस्कार

भ्रष्टाचारविरुद्ध जनमत तयार गर्नका लागि पत्रपत्रिका महत्त्वपूर्ण साधन हुन सक्छन् । त्यसैले भ्रष्टाचारबारे खोजी गरी भ्रष्टाचारविरुद्धको अभियानमा टेवा पुऱ्याउने उद्देश्यले ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल सहयोगी समूह, विराटनगरद्वारा २०६० सालमा पूर्वाञ्चल भ्रष्टाचारविरोधी पत्रकारिता-सम्मान पुरस्कार स्थापना गरिएको हो । प्रत्येक वर्ष एकजना पत्रकारलाई दिइने यो पुरस्कारअन्तर्गत् रु. ११,१०१।- नगद र सम्मानपत्र रहेको छ । २०६० सालको यो पुरस्कार *नेपाल समाचारपत्र*का मोरङ संवाददाता शम्भु भण्डारीले प्राप्त गरेका छन् ।

### अन्य पुरस्कारहरू

माथि चर्चा गरिएका पुरस्कारहरूबाहेक कहिलेकाहीँ अरू पुरस्कार पनि मोरङमा वितरण भएका देखिन्छन् । तर ती पुरस्कारहरूको निरन्तरता देखिँदैन । यस्ता पुरस्कारहरूमा साप्ताहिक बहस परिवारद्वारा स्थापित 'गणेश स्मृति पुरस्कार' पनि एउटा हो । यो पुरस्कार युवा पत्रकार सुवास ढकाललाई २०४७ सालमा पत्रकारिताको माध्यमबाट २०४६ को जनआन्दोलनमा सक्रिय र उल्लेखनीय भूमिका निर्वाह गरेवापत प्रदान गरिएको थियो । तर त्यसपछि यो पुरस्कार वितरण भएको छैन र वितरण हुने सम्भावना पनि देखिन्न । यसबाहेक विराटनगर नगरपालिकाबाट पनि कहिलेकाहीँ मोरङ जिल्लाका पत्रकार र पत्रिकालाई पुरस्कार दिइएको छ । यसरी पुरस्कृत पत्रिकाहरूमा दैनिक *कोसेली,* साप्ताहिक *पुष्पाञ्जली* र साप्ताहिक *दिग्दर्शन* छन् भने पत्रकारहरूमा उत्तमराज कोइराला, दीपक दाहाल, मोहन भण्डारी र यज्ञ शर्मा छन् । तर यो पुरस्कार दिइँदा कहिलेकाहीँ पत्रकारको क्षमता र योगदानलाई भन्दा पनि राजनीतिक झुकावलाई प्राथमिकता दिइन्छ ।

## राष्ट्रिय समाचार समिति, पूर्वाञ्चल क्षेत्रीय कार्यालय

राष्ट्रिय समाचार समिति नेपालको एकमात्र समाचार समिति हो । २०१६ सालमा स्थापित नेपालको पहिलो समाचार समिति 'नेपाल संवाद समिति' र २०१७ सालमा स्थापित 'सगरमाथा संवाद समिति' लाई एकीकरण गरी

२०१८ फागुन ७ गते सरकारी समाचार समितिको रूपमा 'राष्ट्रिय संवाद समिति'को स्थापना भएको थियो । यसलाई छोटकरीमा रासस भनिन्छ । वि.सं. २०२८ मा यसको नाम राष्ट्रिय समाचार समिति गरिएको हो ।

राससले विभिन्न जिल्लाहरूमा आफ्ना समाचारदाता र प्रतिनिधिमार्फत समाचार सङ्कलन गर्छ । यसै प्रयोजनका लागि राससले विकास क्षेत्रको रूपमा देशलाई पाँच विकास क्षेत्रमा विभाजन गरिएपछि पूर्वाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलमा क्षेत्रीय कार्यालय स्थापना गऱ्यो । पूर्वाञ्चलको क्षेत्रीय कार्यालय पूर्वाञ्चलकै महत्त्वपूर्ण एवं देशकै प्रमुख शहर विराटनगरमा रह्यो । राससलाई अञ्चल र क्षेत्रीय स्तरमा विस्तार एवं व्यवस्थित गर्ने कार्यमा २०३५ देखि २०४५ सालसम्म अध्यक्ष एवं महाप्रबन्धक रहेका वरिष्ठ पत्रकार राधेश्याम विष्टको महत्त्वपूर्ण र अविस्मरणीय योगदान छ ।

प्रारम्भमा विराटनगरको अस्पताल चौक र देवकोटा चौकबीच एउटा घर भाडामा लिई सञ्चालन गरिएको पूर्वाञ्चल क्षेत्रीय कार्यालय पछि जनपथ टोलमा आफ्नै भवनमा सऱ्यो । सो क्षेत्रीय कार्यालय र टेलिप्रिण्टर समाचार सेवाको तत्कालीन सञ्चार मन्त्री रवीन्द्रनाथ शर्माले २०३३ फागुन ३० गते उद्घाटन गर्नु भएको थियो । क्षेत्रीय कार्यालयको स्थापनाभन्दा अघि २०३२ सालदेखि नै काठमाडौंबाट मात्र निस्कँदै आएको रासस बुलेटिन राजधानी बाहिरबाट पहिलोपटक निस्कने क्रम सुरु भयो । क्षेत्रीय कार्यालयको स्थापनापछि समाचार सङ्कलन गरेर काठमाडौं पठाइने कार्यबाहेक समाचार सम्पादन एवं बुलेटिन प्रकाशन र वितरणजस्ता कार्यहरूका कारण पूर्वाञ्चल क्षेत्रमै राससको सेवा अत्यन्त प्रभावकारी र महत्त्वपूर्ण हुन पुगेको देखिन्छ । राजधानीबाट दैनिक पत्रिकाहरू सोही दिन आइनपुग्ने अवस्थामा पाठकले रासस बुलेटिनमार्फत समाचारहरू सोही दिन पढ्न पाउन थाले । रासस बुलेटिन झापाको भद्रपुर, चन्द्रगढी, काँकरभिट्टा, धुलावारी, विर्तामोड र दमक; मोरङको विराटनगर; सुनसरीको इटहरी र धरान; सप्तरीको राजविराज आदि स्थानसम्म वितरण गरिन्थ्यो । काठमाडौंबाट टेलिप्रिण्टरको माध्यमबाट प्राप्त समाचार तथा विराटनगर डेस्कबाट तयार पारिएका समाचारहरू स्टेनसीलमा टाइप गरेर रातभर लिथो गरी भोलिपल्ट विहानै वितरण गर्ने कार्य कठिन र अत्यन्त चुनौतीपूर्ण पनि थियो । यो बुलेटिनले पूर्वाञ्चलबाट निस्कने विशेषतः दैनिक र अन्य पत्रिकालाई समाचार उपलब्ध गराएर महत्त्वपूर्ण सहयोग पुऱ्याएको थियो । तर धान्नै गाह्रो पर्ने खर्चका कारण २०५५ भदौदेखि यो सेवा बन्द गरियो । राससले २०३३ देखि २०४६ सालसम्म टेलिप्रिण्टरबाट समाचारको आदानप्रदान गर्ने गरेकोमा २०४६ देखि २०५३ सालसम्म फ्याक्सको माध्यमबाट सो कार्य गरेको थियो । २०५३ सालपछि ई-मेल र फ्याक्स दुबै माध्यमबाट समाचार पठाउने कार्य भैरहेको छ । अहिले राससको पूर्वाञ्चल सेवा विगतको जस्तो प्रभावकारी देखिँदैन ।

रासस को क्षेत्रीय कार्यालय स्थापना हुनुअघि राससको पहिलो प्रतिनिधिका रूपमा नारदप्रसाद ओभ्फाले सेवा पुऱ्याएका थिए । उनी २०२३ देखि २०२९ सालसम्म कोशी अञ्चल संवाददाता (स्ट्रिङगर) भए । नारदप्रसाद ओभ्फाले रासस छाडेपछि काठमाडौंबाट सरुवा भै कृष्णसुन्दर मल्ल (मल्ल के. सुन्दर) राससको संवाददाता भएर पहिलो पटक आए । २०३१ सालदेखि क्षेत्रीय कार्यालयको स्थापना नभएसम्म गणेश मानन्धर राससको संवाददाताका रूपमा कार्यरत रहे । क्षेत्रीय कार्यालयको स्थापनापछि दुर्लभलाल सिंह पहिलो क्षेत्रीय प्रमुखका रूपमा आए । त्यसपछि समाचारदाता एवं प्रमुख/उपप्रमुखका रूपमा सो कार्यालयमा रामचन्द्र पोखरेल, धर्मप्रसाद थापा, गणेश मानन्धर, खिलध्वज थापा र प्रमोद प्रधानले महत्त्वपूर्ण योगदान पुऱ्याए । रामकृष्ण पाण्डे र वासु रिमाल यात्री पनि सो कार्यालयमा थोरै समयका लागि कार्यरत रहे । यसबाहेक रामकुमार कोइराला, हेमराज रेग्मी, शर्मानन्द चौधरी, अमृतलाल श्रेष्ठ, मोहम्मद सदरुल पनि यहाँ प्रमुख एवं समाचारदाताका रूपमा कार्यरत रहे । यी मध्ये गणेश मानन्धर र रामकृष्ण पाण्डेको निधन भइसकेको छ भने बासु रिमाल यात्री, रामचन्द्र पोखरेल, खिलध्वज थापा र धर्मप्रसाद थापाले पनि रासस छाडिसकेका छन् ।

सामान्य अवस्थामा नियमित रूपमा समाचार आदानप्रदान गर्दै आएको सो कार्यालयले विशेषत: जनमत सङ्ग्रहको समयमा समाचार सङ्कलन र वितरणका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्यायो । त्यसपछि पनि सो कार्यालयले सरकारको नीतिनियमको परिधिभित्र रहेर काम गर्दै आएको छ । तर २०४९ सालदेखि सो कार्यालयमा राजनीतिक दबाबका कारण विकृतिहरू देखिन थाले । कुनै राजनीतिक पार्टीको भातृ सङ्गठनको सदस्य भएकालाई मात्र प्रमुख बनाउन राजनीतिक दबाब दिइन थाल्यो । त्यसकारण दुई-दुई तह मुनिको व्यक्तिलाई पनि निमित्त प्रमुख बनाई राखिएपछि सो कार्यालयमा थुप्रै बिसङ्गति देखिनु अस्वाभाविक थिएन ।

आफ्नै भवन, साधन र स्रोतको व्यवस्था, पर्याप्त जनशक्ति हुँदाहुँदै पनि रासस क्षेत्रीय कार्यालयको सेवा प्रभावपूर्ण हुन नसक्नुमा सरकारको नीति त कारकका रूपमा छँदैछ, सो बाहेक राससको व्यवस्थापनको स्पष्ट दृष्टिकोणको अभाव, कर्मचारीहरूमा जागिरे मनोवृत्तिको विकास आदि पनि बाधक बनेको छ ।

## शैक्षिक तथा तालिम संस्था

मोरङमा पत्रकारितासम्बन्धी तालिम र शिक्षा प्रदान गर्ने संस्था धेरैपछि मात्र खुलेका हुन् । पहिले-पहिले केही पत्रकारहरूले काठमाडौंस्थित पत्रकारितासँग सम्बन्धित सङ्घसंस्थाहरूले आयोजना गरेका तालिम र प्रशिक्षणमा सहभागी हुँदै आएका थिए । मोरङमै त्यस्ता संस्था नहुँदा पत्रकारिताको प्रशिक्षण लिन

चाहनेलाई साह्रै कठिनाई थियो । २०५३ सालमा क्षेत्रीय सञ्चार स्रोत केन्द्रको स्थापनापछि तालिमको व्यवस्था हुन थाल्यो । पछि क्याम्पस स्तरमा पनि यसको पढाई हुन थालेको पाइन्छ । त्यस्ता संस्थाबारे तल चर्चा गरिएको छः

**क्षेत्रीय सञ्चार स्रोत केन्द्र**

सञ्चार र पत्रकारिता क्षेत्रको विकासका लागि नेपाल प्रेस इन्स्टिच्युटद्वारा क्षेत्रीय स्तरमा पनि संस्थाको स्थापना गर्ने उद्देश्यअनुरूप विराटनगर र नेपालगञ्जमा क्षेत्रीय सञ्चार स्रोत केन्द्रको स्थापना भएको हो । पूर्वाञ्चल विकास क्षेत्रका १६ जिल्ला लगायत मध्यमाञ्चलका जनकपुर र नारायणी अञ्चलका जिल्लाहरू समेत हेर्ने गरी २०५२ असार ११ गते स्थापना भएको क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरले आफ्नो उद्देश्यअनुरूप पत्रकारिता क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा अत्यन्त महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । यो संस्थाको स्थापनामा नेपालका वरिष्ठ पत्रकारद्वय भारतदत्त कोइराला र गोकुल पोखरेलको उल्लेखनीय एवं अविस्मरणीय योगदान रहेको छ । अहिले यस केन्द्रको कार्यक्षेत्र फराकिलो हुन पुगेको छ र पूर्वी नेपालका मात्र नभई अधिराज्यका जुनसुकै क्षेत्रबाट पनि मानिसहरू प्रशिक्षण लिन आउन थालेका छन् । यस केन्द्रका उद्देश्यहरू निम्न रहेका छन्:

- आम सञ्चारसँग सम्बन्धित विभिन्न किसिमका तालिम, कार्यशाला, सेमिनारहरू सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने,
- यस क्षेत्रका पत्रकारहरूलाई पेशागत रूपमा सक्षम बनाउनका लागि आधुनिक पत्रकारिताका सम्पूर्ण पक्षका बारेमा ज्ञान र सीप दिने खालका एकीकृत कार्यक्रमहरू तयार गरी सहयोग पुऱ्याउने,
- आम सञ्चारसँग सम्बन्धित उद्यमीहरूलाई छापा र श्रव्य-दृश्य माध्यमका नयाँ प्रविधि र उपकरण एवं सामग्रीहरूका बारेमा जानकारी दिने,
- पत्रकारिता क्षेत्रमा कार्यरत व्यक्तिहरूले आम सञ्चारका क्षेत्रमा भोग्नु परेका समस्याहरूको पहिचान गर्न र तिनको उचित समाधानका लागि सहयोग दिने,
- तालिम लगायत अन्य अवसरहरूमा महिलाहरूको पहुँच बढाएर आम सञ्चारका क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गर्ने,
- स्थानीय पत्रपत्रिकाहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका समाचार एवं फिचरहरू उपलब्ध गराएर समसामयिक महत्त्वका सूचनाको विभिन्न स्रोतसम्म उनीहरूको पहुँच पुऱ्याएर मद्दत गर्ने,
- सामुदायिक एवं ग्रामीण सञ्चारको माध्यमबाट उनीहरूको जीवनस्तर उठाउनका लागि विचार परिवर्तन र प्रगतिका लागि सामाजिक

जागरण अभियान सञ्चालन गर्ने र महिला, बालबालिका, वातावरण संरक्षण, जनसङ्ख्या योजना र स्वास्थ्यका पक्षमा वकालत गर्ने,

- स्थानीय जनताको सशक्तिकरणका लागि सरकारको नियन्त्रणमा नरहने स्वतन्त्र एफएम रेडियो स्टेशनको सम्भाव्यतालाई खोज्ने,
- क्षेत्रका आम सञ्चारसँग सम्बद्ध व्यक्तिहरूबीच सौहार्द्रता, सहयोग, आपसी सम्मान र समभ्रुदारी बढाउनका लागि वातावरण सिर्जना गर्ने, र
- केन्द्रलाई भविष्यमा आत्मनिर्भर बनाउनका लागि सम्भव भएसम्म आयआर्जन क्रियाकलापहरू सञ्चालन गर्ने (क्षेत्रीय सञ्चार स्रोत केन्द्र परिचय पुस्तिका: २०५३) ।

यस केन्द्रले पत्रकारिताको तालिमअन्तर्गत पत्रकारिता अभिमुखीकरण, विकास पत्रकारिता, खोजी पत्रकारिता, फिचर लेखन, वातावरण पत्रकारिता र आर्थिक समाचार लेखनजस्ता तालिम सञ्चालन गर्दै आएको छ । यस्तै व्यवस्थापन तालिमअन्तर्गत विज्ञापन र बजारसम्बन्धी र समाचार व्यवस्थापनजस्ता तालिम र प्रविधिसम्बन्धी तालिमअन्तर्गत डेस्कटप पब्लिसिङ्ग तालिम पनि सञ्चालन गर्दै आएको पाइन्छ । साथै एक महिने प्रवीणता पत्रकारिता तालिम र तीन महिने पत्रकारिता तालिम पनि सञ्चालन गर्दै आएको छ । यसबाहेक सम्पादकहरूका लागि व्यवस्थापनसम्बन्धी र भाषासम्बन्धी तालिम पनि यस केन्द्रले बेला-बेलामा सम्पादन गर्दछ । २०५८ पुसको मध्यसम्ममा विभिन्न किसिमका ९५ तालिम सञ्चालन गरेको र तालिम लिनेहरूको कूल सङ्ख्या १,५३५ भएको केन्द्रले बताएको छ । सो सङ्ख्यामध्ये महिला २९५ छन् । तालिम लिएकामध्ये करिब ५०० दोहोरिएको हुनाले तालिम पाउनेको कूल सङ्ख्या करिब एक हजार हुन आउँछ । यी तालिम लिनेहरू मोरङ जिल्लाका मात्र भने होइनन् ।

केन्द्रले विभिन्न समयमा विभिन्न प्रकारका कार्यशाला, सेमिनार र अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गरी समसामयिक विषयहरूमा सबैको ध्यान आकर्षण गर्दै आएको छ । केन्द्रमा पत्रकारितासम्बन्धी पुस्तकहरू भएको एक अत्यन्त राम्रो पुस्तकालय पनि छ । तर सो पुस्तकालयको उपयोग भने पत्रकारहरूले अत्यन्त कम गरेको पाइन्छ । साथै केन्द्रले बेलाबेलामा फिचर बुलेटिन प्रकाशन गर्ने गरेको छ । यस संस्थाले २०५४ सालमा *प्रेस र प्रजातन्त्र* (रेग्मी र निर्भीक २०५८) शीर्षकको र २०५९ सालमा *आलेख* (प्रधान २०५९) शीर्षकको पुस्तक पनि प्रकाशित गरेको छ । कोशराज रेग्मी र डिल्लीराम निर्भीकद्वारा सम्पादित पहिलो पुस्तकमा मेचीदेखि जनकपुर अञ्चलसम्मका विभिन्न पत्रकारहरूद्वारा विविध विषयमा लेखिएका पत्रकारितासम्बन्धी लेखरचनाहरू समाविष्ट गरिएका छन् । यस्तै प्रमोद प्रधानद्वारा सम्पादित दोस्रो पुस्तकमा क्षेत्रीय सञ्चार स्रोत

केन्द फिचर सेवामा प्रकाशित र लेखनवृत्ति पाएर लेखिएका समाचार-लेखहरूमध्ये छानिएका केहीलाई समावेश गरिएको छ ।

क्षेत्रीय सञ्चार स्रोत केन्द्रको स्थापनापछि केन्द्रकै सक्रियतामा पूर्वाञ्चलमै पहिलोपटक २०५४ सालको माघ-फागुन महिनामा पाठक सर्वेक्षण कार्य प्रमोद प्रधान, अनिलकुमार अनल र तोया गौतमको संयोजनमा भएको थियो र प्रतिवेदन प्रमोद प्रधानबाट प्रस्तुत भएको थियो (प्रधान २०५४)। यसले एकपटक झापामा घुम्ती पुस्तकालय सञ्चालन गरी पत्रिकाको पाठक बढाउने प्रयास गरेको थियो । यस केन्द्रको स्थापना हुँदा संयोजकका रूपमा सुरेन्द्र विष्ट कार्यरत थिए भने २०५४ देखि २०६० सालको आधाजसो समयसम्म तोया गौतम संयोजक रहे । अहिले अरूण पौडेल यसका संयोजक छन् । साथै वीरेन्द्र शर्मा, कार्यक्रम अधिकृतका रूपमा र मोहनकृष्ण घिमिरे डेस्कटप अधिकृतका रूपमा यस संस्थामा कार्यरत छन् । यस संस्थाको विभिन्न समयमा गठित परामर्श समितिको अध्यक्षमा कोशराज रेग्मी, मोहन भण्डारी र कृष्ण अधिकारी रहेका थिए । २०५९ सालको अन्त्यतिर पुनः स्थानीय पत्रकारको सहभागिता गराउने उद्देश्यले यसको प्रबन्ध समिति गठन गरिएको छ । नवगठित प्रबन्ध समितिको अध्यक्षमा राजविराजका पत्रकार शिवहरिप्रसाद भट्टराई रहेका छन् । यस संस्था-अन्तर्गत नेपाल प्रेस इन्स्टिच्युटद्वारा पहिलोपटक २०५४ सालमा विराटनगरमा कार्यरत तीनजना पत्रकारहरू प्रमोद प्रधान, यज्ञ शर्मा र टंक खनाल एवं केन्द्रका संयोजक तोया गौतमलाई पत्रकार प्रशिक्षक तालिम दिइएको थियो । दोस्रोपटकको तालिम पत्रकार मोहन भण्डारीलाई पनि प्राप्त भयो । यसरी स्थानीय स्तरमा नै पत्रकारिता पढाउने दक्ष जनशक्ति समेत उपलब्ध भएको छ । यसको स्थापनापछि दक्ष पत्रकारको उत्पादनमा महत्त्वपूर्ण सहयोग पुगेको महसुस धेरैलाई छ । अहिले नयाँ पुस्ताका थुप्रै व्यक्तिहरू यस केन्द्रबाट तालिम प्राप्त गरी पत्रकारिता क्षेत्रमा संलग्न भएका छन् । यसका अतिरिक्त पत्रपत्रिकालाई नयाँ मुद्रण-प्रविधि अफसेटमा जान पनि यसै संस्थाको प्रेरणा र प्रोत्साहन रहेको छ । अहिले पूर्वाञ्चलकै धेरै पत्रपत्रिका अफसेट मुद्रण-प्रविधितर्फ गइसकेका छन् ।

डेनिस अन्तर्राष्ट्रिय विकास संस्था (डानिडा)को आर्थिक सहयोगमा सञ्चालित यो संस्थालाई आत्मनिर्भर बनाएर लैजानु पर्ने खाँचो भने देखिएको छ । सोही संस्थाको आर्थिक सहयोगमा केन्द्रको आफ्नै भवन २०६० सालमा खरीद गरिसकिएको छ र अहिले विराटनगर उपमहानगरपालिका वडा नं. १३ स्थित उक्त भवनमा केन्द्रको कार्यालय राखिएको छ ।

## पत्रकारिता शिक्षा

मोरङमा पत्रकारिताको अध्यापन कार्य धेरै ढिलोमात्र सुरु भएको देखिन्छ । क्षेत्रीय सञ्चार स्रोत केन्द्रको स्थापना भएपछि पत्रकारिताका छोटो र लामो अवधिका

तालिम सञ्चालन हुँदै आए पनि अध्यापन कार्य भने कतै हुने व्यवस्था थिएन । तर २०५७ सालदेखि मोरङमा पत्रकारिताको अध्यापन कार्य सुरु भएको छ ।

मोरङमा पत्रकारिताको अध्यापन कार्यको सुरुवात गर्ने श्रेय मनोकामना एकेडेमी हाइयर सेकेण्डरी स्कूललाई छ । जोड दुईमात्र पढाई हुने सो विद्यालयले उक्त सालमा पत्रकारिताको पाठचक्रम समावेश गरी पत्रकारिताको अध्यापन कार्यको थालनी गरेको थियो । सुरुमा १८ जना विद्यार्थी भएको सो विद्यालयमा दोस्रो वर्ष थप २२ गरी ४० जना विद्यार्थीले पत्रकारिता पढेकामा ७५ प्रतिशत छात्रा थिए ।

यसैगरी विराटनगरस्थित जोड दुईको मात्र पढाई हुने सिटी कलेजले पनि २०५७ सालदेखि पत्रकारिताको अध्यापन कार्यको थालनी गरेको थियो । त्यसमा सोह्र जना विद्यार्थी अध्ययनरत थिए । अहिले दुबैले पत्रकारिता पढाउने कार्य बन्द गरेका छन् र यसको कारण परीक्षामा राम्रो परिणाम नदेखिनु भएको बताइन्छ ।